नेपाल इण्डष्ट्रियल एण्ड
कमर्सियल बैंक लिमिटेड

Nepal Industrial &
Commercial Bank Ltd.

NIC BANK

# नेपाल ईण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि. को
## प्रथम वार्षिक साधारण सभाको निर्णय

यस नेपाल इण्डष्ट्रियल बैंक लि. को प्रथम वार्षिक साधारण सभा मिति २०५५ साल पौष ७ गते तदनुसार २२।१२।१९९८ का दिन बैंकको प्रधान कार्यालय, बिराटनगरमा दिनको ४:०० बजे शुरु भै बेलुकि ६:०० बजे समाप्त भयो ।

**सभामा छलफल गरिएको विषय सुचि**

१) प्रथम वार्षिक साधारण सभामा प्रस्तुत संचालक समितिको प्रतिवेदन

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०५५ साल श्रावण ४ गते सम्मको वासलात २०५४/२/१७ देखि २०५५/४/४ सम्म स्थापना भएको मिति देखि व्यवसायिक कारोवार प्रारम्भ गर्नु भन्दा अघि सम्मका आय व्यय हिसाबको स्वीकृति

३) आ.व. २०५५/०५६ का लागी लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने

४) बैंकको अधिकृत र जारि तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धी विशेष प्रस्ताव

५) बैंकको प्रबन्धपत्र तथा नियमावलिमा संशोधन गर्ने

६) संचालक समिति गठनको अनुमोदन गर्ने

७) संचालकहरुलाई दिइने बैठक भत्ता दैनिक तथा भ्रमण भत्ता तोक्ने ।

८) प्रथम वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने शेयरवाला र संचालकहरुका तर्फबाट एक-एक जना प्रतिनिधिको नियुक्ति ।

९) **विविध**

Main Road, P. O. Box : 252, Biratnagar, Nepal, Tel : (21) 21921, Fax : 977-21-22748, Tlx : 3038 NICB NP, e-mail : nicb@brt.wlink.com.np

NIC BANK

वार्षिक साधारण सभाको सूचना सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुका साथै सार्वजनिक रुपले प्रकाशित गरिएको थियो । बैंकमा सम्पूर्ण शेयरवालाहरु र नेपाल राष्ट्र बैंकका तर्फबाट श्री राम कुमार निरौला पर्यवेक्षकका रुपमा सभामा उपस्थित हुनु भएको थियो । उपस्थित सबै शेयरवालाहरु सभामा भाग लिन र मतदान गर्न पाउने अधिकारवाला थिए र चुक्ता शेयर मुल्यको शत प्रतिशत प्रतिनिधित्व भएको थियो । सबै संचालकहरुको एवम कार्यकारी निर्देशक श्री के.आर. अय्यरको सभामा उपस्थिती भयो ।

सभाको प्रारम्भमा कम्पनी सचिवले यो साधारण सभा संचालन गर्न कम्पनी ऐन २०५३ को दफा ६० (२) र दफा ६१ (३) को प्रतिबन्धात्मक वाक्यांश वमोजिम सामान्य र विशेष प्रस्तावका लागी चाहिने गणपुरक संख्या पुगेको र प्रचलित कानूनको पालना भएको जानकारी गराएपछि कम्पनी ऐन २०५३ को दफा ५६ वमोजिम सभाको बैधानिकता भएकोले सभा विधिवत प्रारम्भ गरियो ।

**छलफल**

संचालक समितिका अध्यक्ष श्री जगदिश प्रसाद अग्रवालले सभापतिको आसन ग्रहण गर्नु भयो । सभाको कार्यक्रम अगाडी बढाउनु हुँदै सभापति ज्यूले प्रथम वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक स्वागत एवम् अभिवादन गर्दै संचालक समितिका सदस्यहरु, पर्यवेक्षक, कार्यकारी निर्देशक तथा अन्य पदाधिकारीहरुको परिचय सभामा गराउनु भयो । तत्पश्चात सभापतिज्यूको आदेशले कार्यकारी निर्देशकले बैंकले व्यवसायिक कारोबार शुरु गरेको अवधि श्रावण ५ देखि मार्ग मसान्त सम्मको संक्षिप्त जानकारी सभालाई गराउनु भएपछि, सभापतिले वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुका साथै लेखापरिक्षकका प्रतिवेदन तथा कम्पनी संस्थापना भएको मिति देखि व्यवसायिक कारोवार आरम्भ गरेको अघिसम्म अर्थात आ.व. ०५४/०५५ को वासलात र आय व्यय विवरण छलफलका लागी सभामा प्रस्तुत गर्नु भयो । यसै क्रममा उपस्थित शेयधनी महानुभावहरुले देहाय वमोजिम आ-आफ्नो जिज्ञासा सुझाव एवम् मन्तव्य सभामा प्रस्तुत गर्नुभयो ।

१) सर्वसाधारणका लागी छुट्याईएको शेयर सार्वजनिक रुपले कहिले निष्काशन हुँदैछ ?

२) बैंकको अन्य स्थानहरुमा शाखा खोल्ने के योजना हुँदैछ ? कुन कुन ठाउँको सम्भाव्यता अध्ययन भएको छ ? काठमाण्डौमा कहिले देखि बैंकिङ्ग कारोवार संचालन हुन्छ ?

३) कर्मचारीहरुलाई दक्षता वृद्धि गर्न विशेष तालिम दिने व्यवस्था छ कि छैन ?

४) बैंकको संकलित निक्षेप प्रतिफलमुलक क्षेत्रमा मात्र प्रवाहित गर्ने सतर्कता अपनाउनु पर्‍यो ।

५) स्थापना वर्षमै विजया दशमीको विदामा समेत बैंक काउण्टर खुला राखी सेवा उपलब्ध गराएकोमा स्वागतयोग्य छ ।

६) सल्लाहकार सेवा शुल्क वापत तिरिएको रकममा कर कट्टि गरिएको छ कि छैन ?

७) बैंकको कार्य दिनमा वार्षिक साधारण सभाको आयोजना बैंकमा गर्नु भन्दा होटलमा गर्दा राम्रो हुने थियो । यसमा ध्यान दिइयोस ।

८) बैंकको लगानी क्षेत्र कुन कुन हुन ? स्पष्ट गरिदिनु पर्‍यो ।

९) वासलातमा अनुसुची समेत उल्लेख भए बुझ्न स्पष्ट हुने थियो, भविष्यमा ध्यान दिईयोस ।

१०) बैंक नयाँ भएकोले आवश्यक संघ संस्थाको सदस्यता लिएको छ वा छैन ?

११) बैंक संचालन हुन भन्दा अगाडी नै पुस्तक पत्रिकामा करीब ६६ हजार के को खर्च हो ?

उपर्युक्त बमोजिमको मन्तव्य जिज्ञासा र सुझावहरु प्राप्त भएपछि सभाका सभापति श्री जगदिश प्रसाद अग्रवाल र कार्यकारी निर्देशक श्री के.आर. अय्यरले संयुक्त रुपमा निम्नानुसार जवाफ दिनु भयो ।

१) यसै साधारण सभामा पूजीवृद्धीको निर्णय हुँदैछ, तत्पश्चात विवरण पत्र आदि स्वीकृति एवम् प्रकाशित गरेर सर्वसाधारणमा शेयर निष्काशनको कार्य थालिने जानकारी गराइयो ।

२) निकट भविष्यमा नै धरानमा शाखा खोल्ने गरी सम्पूर्ण प्रक्रिया पुरा भै सकेको छ । नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप काठमाण्डौमा बैंकिङ्ग कारोवार संचालन गर्न, बैंकको पूँजीवृद्धी गर्न आवश्यक भएकोले सो का स्वीकृति प्राप्त हुना साथ कार्यारम्भ गरिने जानकारी गराइयो ।

NIC BANK

३) कर्मचारीको दक्षता बृद्धी गर्ने तर्फ यस बैंकले पुरा ध्यान दिएको छ । हालै संचालन प्रवन्धक र सहायकस्तरका केही कर्मचारीहरुलाई केही दिनका लागी तालिममा पठाइएको थियो । आन्तरिक तालिम दिने समेत व्यवस्था रहेको जानकारी गराइयो ।

४) सुझाव अनुसार कार्यान्वयन गरिनेछ ।

५) बैंक आफ्ना ग्राहकहरुलाई बढी भन्दा बढी सुविधा दिनमा सधैं तत्पर रहेको छ ।

६) नियमानुसारको आयकर कट्टी गरेपछि मात्र सल्लाहकार सेवा शुल्क भुक्तानी दिईएको जानकारी गराइयो ।

७) सुझाव राम्रो हो । भविष्यमा ध्यान दिनेछौं ।

८) बैंकले आफ्नो Credit Policy Guide अन्तर्गत रहेर कर्जा प्रवाह गर्ने गरेको छ ।

९) अवगत गरियो ।

१०) Foreign Exchange Dealer Association of Nepal (FEDAN) नेपाल बैंकर्स एशोसिएसन, कर्जा, सूचना केन्द्रको सदस्यता लिई सकेको र नेपाल उद्योग वाणिज्य महासंघ लगायत अन्य संघसंस्थाहरुको सदस्यता लिने तर्फ सोचाई भइरहेको छ ।

११) बैंक संचालन कै लागी अति आवश्यक अर्न्तराष्ट्रिय स्तरको The Bankers' Almanac खरिद गर्नु परेको खर्च, उक्त शिर्षकमा देखाइएको हो ।

<u>सभाका निर्णयहरु :</u>

तत्पश्चात सभाबाट देहाय बमोजिम अनुसारको निर्णय भयो ।

१) छलफलका लागी प्रस्तुत विषय सूचि नं. १ अनुसार प्रथम वार्षिक साधारण सभामा प्रस्तुत सचालक समितिको प्रतिवेदन माथि विस्तृत छलफल भएपछि सो लाई पारित गरियोस भनि सभापतिले सभा समक्ष प्रस्ताव राख्नु भएपछि करतल ध्वनीका साथ सर्वसम्मतिबाट पारित भयो ।

२) छलफलका लागी प्रस्तुत विषय सूचि नं. २ अनुसार लेखापरिक्षकको प्रतिवेदन सहित २०५५ साल श्रावण ४ गते सम्मका वासलात २०५५/२/१७ देखि २०५५/४/४ सम्म संस्थापना भएको मिति देखि व्यवसायिक कारोवार प्रारम्भ गर्नु भन्दा अघिसम्मको आय व्यय हिसाब पारित भयो ।

NIC BANK

३) आ.व. २०५५/०५६ का लागी लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने बारे सभामा प्रस्तुत विषय सूचि नं. ३ को प्रस्ताव उपर छलफल हुँदा लेखापरिक्षक श्री रत्नराज बज्राचार्य, आर. बज्राचार्य एण्ड कं. चार्टर्ड एकाउण्टेण्टसलाई आ.व. ०५५/०५६ को कारोबार लेखापरिक्षण (Statutory Audit) र कर लेखापरिक्षण (Tax Audit) गराउने गरी लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक उक्त दुवै लेखापरिक्षण कार्यका लागी रु. ८०,०००/- (रु. अस्सी हजार मात्र) तोक्ने सर्वसम्मतबाट निर्णय गरियो ।

४) **विशेष प्रस्ताव :**
छलफलका लागी प्रस्तुत विषय सूचि नं. ४ वमोजिम यस बैंकको अधिकृत पूँजीलाई रु. २५ (पच्चिस) करोड बाट वृद्धि गरि रु. १ (एक) अरब गर्ने र भुक्तानी तथा जारी पूँजीलाई रु. १२.५ करोडबाट बृद्धि गरी रु. ५० (पचास) करोड गर्ने बारे सभापतिले सभामा राख्नु भएको विशेष प्रस्ताव करतलध्वनीका साथ सर्वसम्मतिबाट स्वीकृत गरियो ।

५) पूँजी बृद्धिको निर्णय अनुरुप यस बैंकको प्रबन्धपत्र तथा नियमावलीमा हेरफेर गर्नु पर्ने भई विषय सूचि नं. ५ वमोजिम शेयरधनिहरुलाई पठाइएको प्रस्तावित मस्यौदा अनुसार प्रबन्धपत्र नियमावलीमा आवश्यक संशोधन गर्न सभापतिले सभा समक्ष राख्नु भएको प्रस्ताव उपर विस्तृत छलफल पश्चात देहायानुसार संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

**प्रबन्धपत्र तर्फ**

दफा ५ : बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्या शिर्षक अन्तर्गतको व्यहोरामा

उपदफा १ : रु. २५,००,००,०००/- (रु. पच्चिस करोड मात्र) को सट्टा रु. १,००,००,००,०००/- (रु. एक अरब मात्र) राख्ने "पच्चिस लाख" शब्दको सट्टा "एक करोड" शब्द राख्ने ।

उपदफा २ : रु. १२,५०,००,०००/-(रु. बाह्र करोड पचास लाख मात्र) को सट्टा रु ५०,००,००,०००/- (रु. पचास करोड मात्र) राख्ने "बाह्र लाख पचास हजार" शब्दको सट्टा "पचास लाख" शब्द राख्ने ।

उपदफा ३ : रु. १२,५०,००,०००/-(रु. बाह्र करोड पचास लाख मात्र) को सट्टा रु. ५०,००,००,०००/- (रु. पचास करोड मात्र) राख्ने ।

दफा ५ : को उपदफा (४) को खण्ड "ख" पछि देहायको खण्ड "ग" थप गर्ने ।

(ग) समुह (ख) को लागी छुट्टाईएको शेयर प्रतिशत मध्येबाट कम्पनी ऐन २०५३ को दफा ४२ को उपदफा (४) को अधिनमा रही बैंकका कर्मचारीहरुलाई संचालक समितिले आवश्यक नीति निर्धारण गरी शेयर जारी गर्न सक्नेछ ।

NIC BANK

नियमावलि तर्फ :

नियम ६ : बैंकको अधिकृत पूँजी अंक र विभिन्न प्रकारको शेयर संख्या शीर्षक अन्तर्गतको व्यहोरामा

उपनियम १ : रु. २५,००,००,०००/- (रु. पच्चिस करोड मात्र) को सट्टा रु. १,००,००,००,०००/- (रु. एक अरब मात्र) राख्ने ।

उपनियम २ : रु. १२,५०,००,०००/-(रु. बाह्र करोड पचास लाख मात्र) को सट्टा रु. ५०,००,००,०००/- (रु. पचास करोड मात्र) राख्ने ।

उपनियम ४ : रु. १२,५०,००,०००/-(रु. बाह्र करोड पचास लाख मात्र) को सट्टा रु. ५०,००,००,०००/- (रु. पचास करोड मात्र) राख्ने ।

नियम ६ को उपनियम ५ को खण्ड "ख" पछि देहायको खण्ड "ग" थप गर्ने ।

(ग) समुह (ख) को लागी छुट्टाइएको शेयर प्रतिशत मध्येबाट कम्पनी ऐन २०५३ को दफा ४२ को उपदफा (४) को अधिनमा रही बैंकका कर्मचारीहरुलाई संचालक समितिले आवश्यक नीति निर्धारण गरी शेयर जारी गर्न सक्नेछ ।

६) प्रथम वार्षिक साधारण सभामा छलफलका लागी प्रस्तुत विषय सूचि नं. ६ वमोजिम सभापतिले वार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार संचालकहरुको नियुक्तिको समर्थन गर्दै वर्तमान संचालक समितिको गठनको अनुमोदन गरियोस भनी सभा समक्ष प्रस्ताव प्रस्तुत गर्नु भएपछि करतलध्वनीका साथ सर्वसम्मतीबाट सहर्ष अनुमोदन गरियो ।

७)

(क) यस बैंकको संचालक समितिको बैठकमा भाग लिए वापत संचालक समितिले निर्धारण गरेको संचालकहरुको बैठक भत्ता रु. १,०००/- (एक हजार) अनुमोदन गरियो । साथै संचालकहरुको बैठक भत्तामा समेत श्रोतमा कर कट्टा हुने व्यवस्थालाई दृष्टिगत गर्दै अब उप्रान्त संचालक समितिको प्रत्येक बैठकमा उपस्थित भए वापत देहायमा लेखिए वमोजिमको बैठक भत्ता दिने सर्वसम्मतबाट निर्णय गरियो ।

| | |
|---|---|
| अध्यक्षलाई | रु. २००० (रु. दुई हजार मात्र) |
| संचालकहरुलाई | रु. १५०० (रु. एक हजार पाँच सय मात्र) |

(ख) बैंकको काममा भ्रमणमा जाने यस बैंकका संचालकहरुलाई देहायमा लेखिए अनुसारको दैनिक तथा भ्रमण भत्ताको सुविधा दिने सर्वसम्मतबाट निर्णय गरियो ।

(अ) दैनिक भत्ता :

स्वदेश भित्र वा भारतमा संचालकहरुले रात विताउने गरी भ्रमण गर्दा औचित्यको आधारमा ५ (पाँच) तारे सम्मको होटेल बिल वमोजम लागेको वास्तविक खर्च दैनिक भत्ता वापत दिइनेछ ।

NIC BANK

(आ) **भ्रमण भत्ता :**
संचालकहरुलाई हवाईजहाज, पानीजहाज, रेल, वातानुकुल, बस या ट्याक्सी रिजर्भ बाट भ्रमण गर्दा लागेको खर्च भ्रमण भत्ता वापत दिइनेछ ।

(इ) स्वदेश र भारत बाहेक अन्य तेस्रो मुलुक भ्रमण गर्दा संचालकहरुले पाउने दैनिक तथा भ्रमण भत्ता औचित्य र अवस्था हेरी संचालक समितिले भ्रमणकै समयमा तोकिदिए सरहको भत्ता दिइने छ ।

८) प्रथम वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि तोक्ने बारेको प्रस्ताव उपर छलफल हुँदा शेयरवालाहरुको तर्फबाट श्री पवन कुमार गोल्याणले र संचालक समितिको तर्फबाट श्री लोकमान्य गोल्छाले हस्ताक्षर गर्ने सर्वसम्मतीबाट निर्णय गरियो ।

९) विविध शिर्षक अन्तर्गत छलफलको लागी कुनै विषय नभएकोले छलफल भएन ।

सभाको अन्त्यमा सभापतिज्यूले सभामा सहभागी भइदिनु भै साधारण सभा सौहार्दपूर्ण वातावरणमा संचालन भएकोमा शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु हुँदै आजको प्रथम वार्षिक साधारण विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| पवन कुमार गोल्याण | लोकमान्य गोल्छा | जगदीश प्रसाद अग्रवाल |
| शेयरधनीहरुको तर्फबाट | संचालकहरुको तर्फबाट | सभापति |